

# के तपाईंलाई थाहा छ ?

- हरेक वर्ष विश्वमा १३ लाख भन्दा ज्यादा मानिसहरूले सडक दुर्घटनामा जीवन गुमाउने गर्दछन् ।
- हरेक वर्ष विश्वमा करिब ५ करोड व्यक्तिहरु सडक दुर्घटनामा घाइते हुने गरेका छन् ।
- हरेक बर्ष विश्वमा २ लाख ७० हजार बटुवाहरूको सडक दुर्घट्नामा मृत्यु हुने गर्दछ ।
- दैनिक १५ देखि २९ वर्ष उमेर समूहका १ हजार व्यक्तिहरूको सडक दुर्घटनामा मृत्यु हुने गर्दछ ।
- सडक दुर्घटनाबाट हुने मृत्युमध्ये ७० प्रतिशत विकासोन्मुख राष्ट्रहरूमा हुने गर्दछ ।
- सडक दुर्घटनामा मृत्यु हुनेहरूमा पैदल यात्रुको संख्या अत्यन्तै ठूलो छ, त्यसमध्ये पनि ३५ प्रतिशत बालबालिकाहरु पर्दछन् ।
- नेपालमा विगत दस वर्षको अवधिमा (२००१ देखि २०११ सम्ममा) ५४ हजार गम्भीर सडक दुर्घटनाहरु भएका छन् ।
- प्रत्येक वर्ष करिब १२ हजार दुर्घटनाहरु हुने गरेका छन् र करिब २ हजार व्यक्तिहरु सडक दुर्घटनामा मारिने गरेका छन् ।
- नेपालमा हुने प्रत्येक एक सय मृत्युमध्ये २ वटा सडक दुर्घटनाका कारणले हुने गरेको पाइन्छ ।
- सडक दुर्घटना अपाङ्गताको एक महत्वपूर्ण कारणका रूपमा देखा परेको छ ।

(स्रोतः विश्व स्वास्थ्य संगठन तथा नेपाल प्रहरी)

## मृत्यु होइन, जीवन रोजौं



सडक दुर्घटनाका कारणहरूमध्ये सवारी चालकको लापरबाही, कमजोर सडक संरचना, सवारी साधनका प्राविधिक समस्या र पैदल यात्रुका लापरबाही तथा सडक र सवारीसम्बन्धी कानुनहरूको प्रभावकारी कार्यान्वयनको अभाव प्रमुख रहेका छन् ।

सडक सुविधा र सुरक्षाको लागि हो, सडक प्रयोगमा सामान्य सचेतना अपनाएमा सडक दुर्घटना र यसबाट हुने क्षतिलाई धेरै हदसम्म न्यूनीकरण गर्न सकिन्छ ।



**त्यसैले सुरक्षित सडक र सवारीका बाह्र 'स्वर्ण नियमहरु'लाई पालना गरौं**

# सुरक्षित सडक र सवारीका
# बाह्र स्वर्ण नियमहरु

## सवारी चालकहरूका लागि

- सवारी चलाउँदा तोकिएको गतिभन्दा छिटो सवारी नचलाऔं ।
- सवारी चलाउँदा सधैं सिट बेल्ट र हेल्मेटको प्रयोग गरौं ।
- ट्राफिक नियम लेन अनुशासन, सडक सङ्केत तथा ट्राफिक लाइटहरूको सधैं पालना गरौं, जथाभाबी ओभरटेक नगरौं ।
- तनाव र अस्वस्थता भएको समयमा तथा मादक पदार्थ सेवन गरी सवारी नहाकौं ।
- सवारी चलाउनु अगाडि आफ्नो सवारी साधन सबै हिसाबले ठिक छ छैन जाँच गरौं । सवारी साधनको नियमित मर्मत सम्भार गरौं ।
- पैदल यात्रु तथा अन्य सवारी चालकहरूलाई सम्मान र हँसिलो व्यवहार गरौं, जथाभाबी हर्न नबजाऔं ।
- सवारी चलाउँदा सडकमा ध्यान केन्द्रित गरौं । मोबाइल फोन तथा ठुलो आवाजमा रेडियो क्यासेटहरु प्रयोग नगरौं ।
- पैदल यात्रु, ज्येष्ठ नागरिक, बालबालिका, बिरामी तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सडकमा पहिलो प्राथमिकता दिऔं ।



## पैदल यात्रुहरूका लागि



- हिंड्दा सधैं सडक-पेटीको प्रयोग गरौं । सडक अतिक्रमण कहिल्यै नगरौं । सडक सवारीका लागि हो, पैदल यात्रुका लागि होइन ।
- सधैं जेब्रा क्रस, सब वे वा आकासे पुलबाट मात्र बाटो काटौं । यस्ता ट्राफिक सङ्केत नभएका स्थानमा बाटो काट्दा दायाँ बायाँ हेरी हातले सवारी रोक्ने इसारा गर्दै बाटो काटौं।
- जथाभाबी सार्वजनिक यातायात रोक्न दबाब नदिऔं । केवल बस स्टपबाट चढौं र बस स्टपमा नै आर्लने गरौं ।
- बाटो काट्दा ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति र बिरामीलाई प्रथमिकता दिऔं र सहयोग गरौं ।

# सडक सुरक्षा युवा अभियान
## (Youth for Road Safety in Nepal)

सडक सुरक्षा युवा अभियान 'सडक दुर्घटनालाई आधा घटाऔँ' भन्ने नाराका साथ युवाहरु मार्फत् सडक प्रयोगकर्ताहरूका व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन TEAM NASA मार्फत सञ्चालन गरिएको राष्ट्रिय अभियान हो ।

FIA Foundation को सहयोगमा नेपाल अटोमोबाइल स्पोर्टस् एसोसिएसन, (NASA) को अगुवाइमा सञ्चालीत यस राष्ट्रिय अभियानमा स्वतन्त्रता अभियान नेपाल, रोड सेफ्टी फोरम-नेपाल लगायतका विभिन्न संघ-संस्था तथा मिडिया कर्मीहरू संलग्न रहेका छन् ।

यस अभियानले नेपालमा गम्भीर स्थितिमा रहेको सडक दुर्घटना र यसको क्षतिलाई न्यून गर्न युवा विद्यार्थी र मिडिया मार्फत विभिन्न गतिविधि सञ्चालन गरिरहेको छ ।

## राष्ट्रिय निबन्ध प्रतियोगीतामा सहभागी बनौ

**विषयः सुरक्षित सडक र जिम्मेवार सवारीका लागि युवा विद्यार्थीको भूमिका**

**नियमहरूः** न्युनतम १५ सयदेखि २ हजार शब्दमा नबढाइ लेखिएको हुनुपर्ने । तथ्यांकहरूको प्रयोगमा स्रोत उल्लेख गरिएको हुनुपर्ने । निबन्ध कम्प्युटर टाइप गरी कभर पेज सहित प्रीन्ट गरी पठाउनुपर्नेछ वा इमेलमा पठाउनुपर्नेछ ।

**पुरस्कारहरू**

प्रथमः रू. ५५५५/-
दोस्रोः रू. ३३३३/-
तेस्रोः रू. २२२२/-

निबन्ध आइपुग्नुपर्ने अन्तिम मितिः **२०७० जेठ ३१** गते


पत्रचार ठेगाना

**Youth for Road Safety in Nepal**
**नेपाल अटोमोबाइल स्पोर्टस् एसोसिएसन**
फोनः ०१ ६२०९७२८ /९८४१४७६८२५
स्वतन्त्रता अभियान नेपाल, केन्द्रीय कार्यालय, फोनः ०१ ५०११२१
GPO Box: NPC 152, काठमाडौं
E-mail:nasanepal08@gmail.com, swatantrataabhiyan@gmail.com


FIA ACTION FOR ROAD SAFETY



## अकाल मृत्युको विरूद्ध, जीवनका पक्षमा हाम्रो आव्हान

## सुरक्षित सडक र जिम्मेवार सवारीका लागि युवा अभियान

Supported by FIA Foundation for the Automobile and Society

Nepal Automobile Sports Association
नेपाल अटोमोबाईल स्पोर्टस् एसोसिएसन

ROAD SAFETY FORUM NEPAL
Nayabaneshwor, Kathmandu, Nepal

for a larger freedom
स्वतन्त्रता अभियान
SWATANTRATA ABHIYAN

**Normal Speed Meets Every Needs**

**सुरक्षित सडक र सवारी : हामी सबैको जिम्मेवारी**